निर्णयहरु

१. कोभिड-१९ को नयाँ भेरियन्ट सहित संक्रमण यस जिल्लामा पनि फैलने सम्भावना देखिएकोले संक्रमण बढ्न नदिन यस बर्षको माघेसंक्रान्ति मेला, राजनीतिक, प्रशासनिक तथा सांस्कृतिक कार्यक्रम, जात्रा, महोत्सव, वार्षिकोत्सव,भेला, जुलुस तथा र्याली जस्ता भिडभाडजन्य गतिबिधि नगर्ने/नगराउने ।

२. अति आबश्यक भइ बैठक, कार्यक्रम गर्नुपरेमा २५ जना भन्दा बढि संख्यामा नहुने गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना हुने गरी गर्न सकिने ।

३. साबुनपानीले हात धुने, स्यानिटाईजर प्रयोग गर्ने, सहि तरिकाले मास्क लगाउने तथा भौतिक दुरी कायम गर्ने लगायतका स्वास्थ्यका मापदण्ड कडाईका साथ पालना गर्ने/गराउने ।

४. मिति २०७८/१०/७ देखि लागू हुने गरी कार्यालय, होटेल, रेस्टुरेन्ट, सिनेमा हल, पार्क जस्ता सार्बजनिक स्थानहरुमा कोभिड-१९ बिरुद्दको खोप लगाएको खोप कार्ड (मोबाइलमा खिचेको फोटो भए पनि हुने) हेरेर मात्र प्रवेश गर्न दिने।

५. सार्बजनिक सेवा प्रवाह गर्दा सेवाग्राहीको बढी चाप हुने कार्यालयहरुले भिडभाड नहुने उपयुक्त तरिका अवलम्बन गरी, स्वास्थ्य मापदण्ड पालना हुने गरी सेवा प्रवाहको ब्यबस्था मिलाउने तथा मिति २०७८/१०/७ देखि लागु हुने गरी कोभिड-१९ बिरुद्दको खोप लगाएको खोप कार्ड (मोबाइलमा खिचेको फोटो भए पनि हुने) हेरेर मात्र सार्बजनिक सेवा उपलब्ध गराउने।

६. कोभिड-१९ संक्रमणको चुनौती सामना गर्न पहिले संचालनमा आएका क्वारेन्टाइन/आइसोलेसन केन्द्रलाई सबै स्थानीय तहले तयारी अवस्थामा राख्ने।

७. कोभिड-१९ संक्रमणको सम्भावित तेस्रो लहरको सामना गर्ने पूर्बतयारी गरी सबै स्वास्थ्य सँस्थाहरु, सरकारी, निजि तथा सामुदायिक अस्पताल तथा मेडिकल कलेजहरु तयारी अवस्थामा रहने ।

८. सबै गाउँपालिकाका तथा नगरपालिकाका सार्बजनिक स्थानहरुमा नि:शुल्क एन्टिजन परीक्षणका लागि टेस्ट बुथ स्थापना गर्ने ब्यबस्था गाउँ/नगरपालिकाहरु संगको सहकार्यमा स्वास्थ्य कार्यालय, पाल्पाले मिलाउने ।

९. निजी व्यवसाय संचालकहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई मात्र सेवा, व्यवसाय संचालन गर्ने।

१०. सार्बजनिक यातायातका यात्रुबाहक सवारीसाधनहरुले सिट क्षमताभन्दा बढि यात्रु नराख्ने, चालक तथा सहचालकहरुले मास्क, भाइजर तथा पन्जा (gloves) को प्रयोग गर्ने, यात्रुहरुले अनिबार्यरुपमा मास्क

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी

लगाउने, स्यानिटाइजरको व्यवस्था गर्ने एवं सवारीसाधनलाई संक्रमणरहित बनाउन दैनिकरुपमा निसंक्रमण (Disinfect) गर्ने व्यवस्था मिलाउने ।

११. कोभिड-१९ को सम्भावित तेस्रो लहरबाट जोगिन स्वास्थ्य सतर्कता अपनाउने तथा स्वास्थ्य मापदण्ड पालना गर्ने/गराउने सम्बन्धमा जनचेतनामुलक सूचना प्रकाशन तथा प्रशारणका लागि सबै संचार माध्यमहरुलाई अनुरोध गर्ने।

१२. भारत तथा अन्य देशबाट स्वदेश फिर्ता भएका यस जिल्लामा आउने सबै व्यक्तिहरुलाई आफ्नो पूर्ण विवरण आफ्नो स्थानीय ठेगानाको वडा कार्यालयमा अनिबार्य दिनु हुन, स्वास्थ्य परिक्षण गराउनु हुन र खोप नलगाएको भए खोप लगाउनु हुन, संक्रमण भएमा स्थानीय तहसँग सम्पर्कमा रही आइसोलेसनमा बस्नु हुन र सो अनुरुपको आवश्यक ब्यबस्था स्थानीय तहले मिलाउने।

१३. कोभिड-१९ बिरुद्दको खोप अभियान अन्तर्गत यस जिल्लामा १८ बर्ष भन्दा माथिको अनुमानित लक्षित जनसंख्या (HMIS) मध्ये पहिलो मात्रा ९१ प्रतिशत तथा पूर्ण खोप ८० प्रतिशतले प्राप्त गरेको, १२ बर्षदेखि १७ बर्ष उमेर समुहको जनसंख्या मध्ये ९३ प्रतिशतले खोप प्राप्त गरेको तथा केहि हप्ताभित्र शतप्रतिशत जनसंख्यालाई खोप लगाउने प्रतिबद्दता भएकोले स्वास्थ्यकर्मी लगायत फ्रन्टलाईनर्स तथा क्रमश प्राथमिकताका आधारमा अतिरिक्त मात्रा खोप लगाउन संघीय सरकार तथा प्रदेश सरकार संग खोप माग गर्ने ।

१४. कोभिड-१९ संक्रमणको जोखिम सम्बन्धमा जिल्लाको अवस्था विश्लेषण गरी कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यबिधी २०७८ बमोजिम जिल्ला प्रशासन कार्यालयले समय समयमा आबश्यक सूचना/आदेशहरु जारी गर्ने ।

जगन्नाथ पन्त
प्रमुख जिल्ला अधिकारी